# बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा पेश गरिएको

# प्रतिवेदन

२०८१ श्रावण २३

## प्रतिवेदन

सम्वत् २०७९ साल फागुन २५ गते प्रतिनिधि सभामा दर्ता भई प्रतिनिधि सभा अन्तर्गतको कानून, न्याय तथा मानव अधिकार समितिमा सम्वत् २०८० साल बैशाख ५ गते देखि छलफलमा रहेको **बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१** लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा आवश्यक छलफल गरी निष्कर्षमा पुऱ्याउनको लागि सहजीकरण गर्न गठन भएको देहाय बमोजिमको संयन्त्रले विभिन्न बैठकमा छलफल गरी सहमतीका आधारमा यो प्रतिवेदन पेस गरेका छौं ।

१. मा. रमेश लेखक, नेपाली काँग्रेस

२. मा. महेश कुमार वर्तौला, नेकपा (एमाले)

३. मा. जनार्दन शर्मा, नेकपा (माओवादी केन्द्र)

**बैठक संख्या:** ६

उल्लेखित विधेयकको सम्बन्धमा छलफल गर्न मिति २०८१/०३/१३ मा गठित उक्त संयन्त्रको ६ वटा बैठक निम्नानुसार बस्यो:-

**पहिलो बैठक:** २०८१ असार १६ गते

**दोस्रो बैठक:** २०८१ श्रावण ८ गते

**तेस्रो बैठक:** २०८१ श्रावण ९ गते

**चौथो बैठक:** २०८१ श्रावण ११ गते

**पाँचौ बैठक:** २०८१ श्रावण १४ गते

**छैटौं बैठक:** २०८१ श्रावण १७ गते

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समिति अन्तर्गत गठन गरिएको उप-समितिको तर्फबाट पेस गरिएको प्रतिवेदनले थप छलफल गरी निष्कर्षमा पुऱ्याउनुपर्ने भनि उल्लेख गरेका चार विषयहरु निम्नानुसार रहेका छन् :-

१. **मानव अधिकारको गम्भीर उल्लङ्घनको परिभाषाका सम्बन्धमा:**

२. **मेलमिलापको लागि स्वतन्त्र सहमति हुन नसकेका घटनाका सम्बन्धमा:**

३. **सशस्त्र द्वन्द्वमा जोडिएका तथा प्रभावित व्यक्तिहरु र मृत्यु भएका, घाईते तथा अपाङ्ग भएका सुरक्षाकर्मी वा निजका परिवारका सम्बन्धमा:**

४. **घटी सजायको माग दाबीका सम्बन्धमा:**

१. **मानव अधिकारको उल्लङ्घन र मानव अधिकारको गम्भीर उल्लङ्घनको परिभाषाका सम्बन्धमा:**

(१) "मानव अधिकारको उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनावद्ध रुपमा सशस्त्र द्वन्द्वका पक्षबाट मानव अधिकारको गम्भीर उल्लङ्घन बाहेकका प्रचलित नेपाल कानून, अन्तराष्ट्रिय मानव अधिकार वा मानवीय कानून बिपरित गरिएको अन्य जुनसुकै कार्य सम्झनुपर्छ ।"

(२) "मानव अधिकारको गम्भीर उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षले गरेको देहायको कार्य सम्झनु पर्छ:-

(१) जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसा,

(२) नि:शस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनावद्ध रुपमा सशस्त्र द्वन्द्वका पक्षबाट गरेको देहायको कार्य:-

(क) नियतपुर्वक वा स्वेच्छाचारी रुपमा गरिएको हत्या (आर्बीटरी किलिङ्ग)

(ख) व्यक्ति वेपत्ता पार्ने कार्य वा,

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि "व्यक्ति बेपत्ता पार्ने कार्य भन्नाले सशस्त्र द्वन्द्वको क्रममा सशस्त्र द्वन्द्वका पक्षबाट बेपत्ता पारी फेला नपरेको व्यक्ति सम्झनु पर्छ ।"

(ग) अमानवीय वा क्रुर यातना ।

२. **मेलमिलापको लागि स्वतन्त्र सहमति हुन नसकेका घटनाका सम्बन्धमा:**

आयोगले ऐनको दफा २२ बमोजिम मेलमिलाप हुन नसकेको वा दफा २६ बमोजिम क्षमादानको सिफारीसमा नपरेको मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न व्यक्तिका सम्बन्धमा नेपाल सरकार वादी हुने मुद्धाको हकमा महान्यायाधिवक्ता समक्ष लेखी पठाउनु पर्नेछ र मानव अधिकार उल्लङ्घनका अन्य घटनाका सम्बन्धमा सम्बन्धित पीडित वा निजको हकवालालाई जानकारी दिनुपर्नेछ ।

मानव अधिकारको उल्लङ्घनका र मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनामा संलग्न भएकोमा मानव अधिकारको उल्लङ्घनको घटनामा मेलमिलाप भएको वा क्षमादानको लागि सिफारिसमा परेको कारणबाट मानव अधिकारको गम्भीर उल्लङ्घनको घटनामा संलग्न पीडकलाई कानून बमोजिम कारबाहीका लागि महान्याधिवक्ता समक्ष सिफारिस गर्न वाधा पर्ने छैन ।

- **ऐनको दफा २२ मा भएको व्यवस्था:** पीडक वा पीडितले आयोग समक्ष मेलमिलापका लागि निवेदन दिएमा आयोगले पीडितको स्वतन्त्र सहमतिमा मानव अधिकारका गम्भीर उल्लङ्घन वाहेकका मानव अधिकार उल्लङ्घनका घटनाका पीडक र पीडित बिच आपसमा मेलमिलाप गराउन सक्नेछ ।

- **ऐनको दफा २६ मा भएको व्यवस्थाः** मानव अधिकार उल्लङ्घन सम्बन्धी घटनामा क्षमादानका लागि कुनै निवेदन पर्न आएमा आयोगले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ । यस बमोजिम जाँचबुझ गर्दा पीडितलाई भएको क्षती तथा सो सम्बन्धमा पीडकले आयोग समक्ष व्यक्त गरेको भनाई समेतको आधारमा पीडितको स्वतन्त्र सहमतिमा क्षमादानको लागि आयोगले सिफारिस गर्नेछ ।

**सशस्त्र द्वन्द्वमा जोडिएका तथा प्रभावित व्यक्तिहरु र मृत्यु भएका, घाईते तथा अपाङ्ग भएका सुरक्षाकर्मी वा निजका परिवारका सम्बन्धमा :**

(क) सशस्त्र द्वन्द्वका क्रममा भएको कुनै घटनामा परी मृत्यु भएका, घाईते तथा अपाङ्गता भएका सुरक्षाकर्मी वा नीजका परिवारका सदस्यलाई निजहरुले गरेको योगदानको कदर र सम्मानका लागि आवश्यक राहत तथा सहयोग सहितको परिपुरण प्रदान गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने छ ।

(ख) आयोगले सशस्त्र द्वन्द्वको क्रममा भएको कुनै घटनामा परी मृत्यु भएका, घाईते भएका तथा अपाङ्गता भएका व्यक्ति वा निजका परिवारका सदस्य र बहिर्गमित व्यक्तिलाई आवस्यक राहत तथा सहयोग सहितको परिपूरण प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्नेछ ।

बहिर्गमित व्यक्तिलाई राहत तथा सहयोग सहितको परिपूरण प्रदान गर्न सिफारिस गर्दा यो दफा प्रारम्भ हुँदाका बखत सम्म नेपाल सरकारबाट कुनै राहत, सुबिधा वा सहुलियत प्राप्त नगरेको बहिर्गमित व्यक्तिलाई प्रदान गर्न सिफरिस गर्नुपर्नेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि "बहिर्गमित व्यक्ति" भन्नाले नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी माओवादी बिच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता - २०६३ बमोजिम रितपुर्वक दर्ता हुन नसकेको व्यक्ति सम्झनु पर्दछ ।

(ग) सशस्त्र द्वन्द्वको समयमा विच्छ्याईएका बारुदी सुरुङ्ग (ल्याण्ड माईण्ड), राखिएका विस्फोटक पद्धार्थको सशस्त्र द्वन्द्वका अवधिमा वा सो अवधि पश्चात बिष्फोटनमा परी मृत्यु भएका, घाईते तथा अपाङ्गता भएका व्यक्ति वा निजका परिवारका सदस्यलाई आवस्यक राहत तथा सहयोग सहितको परिपूरण प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्नेछ ।

**घटी सजायको माग दाबीका सम्बन्धमा :**

(१) आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घनको कार्यमा संलग्न देखिएका व्यक्ति उपर ऐन बमोजिम मुद्धा चलाउनु पर्ने देखिएमा घटना हुँदाको परिस्थिति, कारण, छानबिन, प्रतिवेदन र प्रमाण सहित महान्यायाधिवक्ता समक्ष सिफारिस गर्नुपर्नेछ ।

(२) उपरोक्त बमोजिमको सिफरिस गर्दा मुद्धा चलाउनुपर्ने व्यक्तिको सम्बन्धमा देहायको अवस्था विद्यमान भए सो समेत खुलाउनु पर्नेछः-

(क) आयोग समक्ष आफुलाई लागेको आरोपको सम्बन्धमा थाहा भए सम्मको सत्य तथ्य विवरण निजले प्रकट गरे नगरेको ।

(ख) आयोगलाई छानबिन तथा प्रमाण संकलनमा सहयोग गरे नगरेको ।

(ग) त्यस्तो कार्यमा संलग्न भएकोमा पश्चाताप गरे नगरेको ।

(घ) पीडितसंग क्षमा याचना गरे नगरेको ।

(ङ) भविष्यमा त्यस्तो किसिमको कार्य नगर्ने प्रतिज्ञा गरे नगरेको ।

(३) मुद्धा दायर गर्दा महान्यायाधिवक्ता वा निजबाट अधिकार प्राप्त सरकारी वकीलले उपदफा (२) बमोजिमको अवस्था विद्यमान भएको तथा घटना हुँदाको परिस्थिति, कारण र संक्रमणकालिन न्यायको सिद्धान्तलाई ध्यान दिई जवर्जस्ती करणी वा गम्भीर यौनजन्य हिँसाका घटना बाहेकका मानव अधिकारको गम्भीर उल्लङ्घनका अन्य घटना र दफा २५ को उपदफा (१) बमोजिमको मानव अधिकारको उल्लङ्घनको घटनामा तत्काल प्रचलित कानून बमोजिमको सजायमा २५ प्रतिशत सजायको माग दाबी लिन सक्नेछ ।

(४) सार्वजनिक पद धारण गरेको व्यक्ति उपर मुद्धा दायर भई थुना वा न्यायीक हिरासतमा रहेमा त्यस्तो थुना वा न्यायीक हिरासतमा रहुन्जेल निज पदबाट स्वतः निलम्बन भएको मानिनेछ ।

मितिः २०८१ श्रावण २३ गते रोज ४ ।